# अगुवा कृषकस्तर व्यवसायिक प्रमुख हिउँदे फलफूल बगैंचा तथा नर्सरी व्यवस्थापन तालिम प्रतिवेदन

१५-१९ मंसीर २०७६

समशितोष्ण वागवानी केन्द्र, किर्तिपुर






प्रदेश सरकार
भूमी व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
कृषि विकास निर्देशनालय

## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

भक्तपुर, नेपाल

# विषयसूची


तालिमको परिचय ........ 3

तालिम सञ्चालनको उद्देश्य ........ 3

तालिम सञ्चालन भएको मिति, अवधि र स्थान ........ 3

तालिमका सहभागीहरुको विवरण ........ 4

तालिम कार्यक्रमको समयसारणी ........ 7

तालिमको प्रतिवेदन ........ 8

तालिम सञ्चालनबाट हासिल उपलब्धीहरु ........ 15

सहभागीहरुको नजरमा तालिमको समग्र मूल्यांकन ........ 16

तालिम पाठ्यक्रमको संयोजन सम्बन्धमा सहभागीहरुको मुल्यांकन ........ 18

तालिममा सहभागीता पश्चात सहभागीहरुलाई दैनिक क्रियाकलापहरुमा प्रत्यक्ष फाइदा पुर्याउने सम्बन्धी समेटिएका विषयहरु ........ 18

आगामी दिनमा तालिम सञ्चालनमा सुधार गर्न सहभागीहरुको तर्फबाट प्राप्त भएको सुझाव ........ 18

तालिम सञ्चालनका झलकहरु ........ 19

# तालिमको परिचय

प्रदेश नं. ३ फलफूल व्यवसायको विकास र विस्तारका लागी अत्यन्तै सम्भावना बोकेको प्रदेश हो । हिमाली क्षेत्रमा रसुवा, दोलखा देखी तराई क्षेत्रमा चितवन जिल्लासम्म फैलिएको यस प्रदेशमा फलफूलको आवश्यकता, प्राथमिकता र फलफूलजन्य उपजहरुको बढ्दो उपभोगको अवस्थालाई मध्यनजर गर्दै यस प्रदेशमा फलफूल व्यवसायहरुको विकास र विस्तार गर्नु आवश्यक देखिएको छ । फलफूल दशक (२०७३/७४-२०८२/८३) कार्यक्रमको उद्देश्य बमोजिम फलफूल बालीको गुणस्तरीय बिरुवा उत्पादन गरी क्षेत्रफल विस्तार र बगैंचा सुदृढिकरण गर्ने कृयाकलापको सन्दर्भमा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रले यस प्रदेशमा हाल फलफूलको बगैंचा भएका र फलफूल नर्सरी सञ्चालन गरिरहेका अगुवा कृषकहरुको प्राविधिक क्षमता अभिवृद्धि गर्न वार्षिक कार्यक्रममा समावेश गरी यो तालिम कार्यक्रम सञ्चालन गरेको थियो ।

# तालिम सञ्चालनको उद्देश्य

यस तालिम सञ्चालनका मुख्य उद्देश्यहरु यस प्रकार रहेका छन् ।

- कृषकहरुलाई व्यवसायिक फलफूल बगैंचा स्थापना तथा व्यवस्थापन सम्बन्धी नविनतम प्रविधिहरुबारे जानकारी गराई सो सम्बन्धमा उनीहरुको सीप तथा दक्षता अभिवृद्धि गराउने,
- फलफूल व्यवसायमा आवद्ध कृषकहरुलाई व्यवसायिक तवरमा उत्पादन तथा बजारीकरण गर्न आवश्यक पर्ने सीप तथा ज्ञान प्रदान गर्ने।

# तालिम सञ्चालन भएको मिति, अवधि र स्थान

यस तालिम मिति २०७६ साल मंसीर महिनाको १५-१९ गतेसम्म (५ दिन) समशितोष्ण वागवानी केन्द्र, किर्तिपुरमा सञ्चालन भएको थियो ।

# तालिमका सहभागीहरुको विवरण



**कुमार पण्डित**
पञ्चकन्या गा.पा. ३, नुवाकोट



**गोपि प्रसाद त्रिपाठी**
वेलकोटगढि न.पा. १०, नुवाकोट



**सुमन राना**
सुनकोसी न.पा. ३, सिन्धुली



**निर कुमार कार्की**
उमाकुण्ड गा.पा. २, रामेछाप



**पासाङ तामाङ**
गोकुलगंगा गा.पा. ६, रामेछाप



**गोविन्द प्रसाद तिमल्सिना**
पनौती न.पा. १, काभ्रेपलान्चोक



**कल्पना भुजेल**
गोलान्जोर गा.पा. ५, सिन्धुली



**टिकाराम अधिकारी**
निलकण्ठ न.पा. ११, धादिङ



**कामी घले**

रुभिभ्याली गा.पा. १, धादिङ



**महेन्द्र अधिकारी**

दक्षिणकाली न.पा. ९, काठमांडौ



**सरोज गौतम**

रोशी गा.पा. ७, काभ्रेपलाञ्चोक



**शिव वहादुर आलेमगर**

चन्द्रगिरी न.पा. ३, काठमाण्डौं



**श्याम राना मगर**

चन्द्रगिरी न.पा.३, काठमाण्डौं



**विनोद पौडेल**

दक्षिणकाली न.पा. ८, काठमाण्डौं



**राम कुमार चापाँगाँई**

दक्षिणकाली न.पा. ८, काठमाण्डौं



**सिता रिजाल**

भरतपुर न.पा. ७, चितवन



**श्रीकृष्ण अधिकारी**
निलकण्ठ न.पा. १, धादिङ



**कृष्ण बहादुर गुरुङ**
थाहा न.पा. ५, मकवानपुर



**रुपेन्द्र तामाङ**
आमा छोदिङमो गा.पा. ३, रसुवा



**अनिल गुरुङ**
पाँचपेखरी थाङ्पाल गा.पा. ७, सिन्धुपाल्चोक



**कृष्ण वहादुर खड्का**
विगु गा.पा. ३, दोलखा



**श्री राम श्रेष्ठ**
सुर्यविनायक न.पा. ७, भक्तपुर



**राम चन्द्र जम्कटेल**
वेलकोटगढि न.पा.३, नुवाकोट



**सुरेश लामा**
मेलम्ची न.पा.३, सिन्धुपाल्चोक



**विकास जंग खड्का**
भिमेश्वर गा.पा. १, दोलखा

# तालिम कार्यक्रम

## आइतबार, १५ मंसीर २०७६

| | |
|---|---|
| १०-११:३० | तालिमको उद् घाटन कार्यक्रम |
| ११:३०-१:०० | प्रमुख हिउँदे फलफूल बालीका उन्नत जातहरु, जातहरुको प्रकृति र विशेषता (सै.) |
| १:३०-३:०० | प्रमुख हिउँदे फलफूलमा माउबोट छनौट तथा रुटस्टक व्यवस्थापन, बेर्नाहरुको गुणस्तर (सै.) |
| ३:००-४:३० | प्रमुख हिउँदे फलफूल बिरुवा प्रसारणका तरिका र विधिहरु (व्य.) |

## सोमबार, १६ मंसीर २०७६

| | |
|---|---|
| १०-११:३० | प्रमुख हिउँदे फलफूल बगैंचा स्थापना सम्बन्धी विविध पक्षहरुबारे जानकारी |
| ११:३०-१:०० | प्रमुख हिउँदे फलफूल बगैंचा तथा नर्सरी व्यवस्थापन (सै.+व्य.) |
| १:३०-३:०० | प्रमुख हिउँदे फलफूल बालीका प्रमुख रोग, किराहरु तथा तिनको व्यवस्थापन(सै.) |
| ३:००-४:३० | प्रमुख हिउँदे फलफूल बालीका मुख्य रोग किरा नियन्त्रण गर्न हाल बजारमा उपलब्ध विषादी (सै.+व्य.) |

## मंगलबार, १७ मंसीर २०७६

| | |
|---|---|
| १०-११:३० | प्रमुख हिउँदे फलफूल बगैंचामा तालिम तथा कांटछांट (सै.+व्य.) |
| ११:३०-१:०० | बोर्डो मिश्रण, बोर्डो पेष्ट, बोर्डो पेन्ट बनाउने र प्रयोग गर्ने विधि (व्य.) |
| १:३०-३:०० | प्रमुख हिउँदे फलफूल बगैंचा तथा नर्सरीमा अन्तरबाली एवं झार व्यवस्थापन (सै.) |
| ३:००-४:३० | घरायसी फोहोर व्यवस्थापन (सै.) |

## बुधबार, १८ मंसीर २०७६

| | |
|---|---|
| १०-४:३० | भ्रमण (फलफूल बगैंचा तथा नर्सरी) |

## बिहिबार, १९ मंसीर २०७६

| | |
|---|---|
| १०-११:३० | प्रमुख फलफूल बगैंचा तथा नर्सरीमा प्रयोग हुने यन्त्र, औजार, उपकरणहरुको प्रयोग तथा मर्मत सम्भार विधि (सै.+व्य.) |
| ११:३०-१:०० | प्रमुख हिउँदे फलफूल बिरुवाको बजार व्यवस्थापन (सै.) |
| १:३०-३:०० | सामुहिक छलफल तथा प्रस्तुतीकरण |
| ३:००-४:३० | तालिमको समापन कार्यक्रम |

# तालिमको प्रतिवेदन

## तालिमको उद्‌घाटन कार्यक्रम



तालिमको उत्घाटन कार्यक्रममा सहभागीहरुलाई तालिमको उद्देश्य, औचित्य सहित तालिम सम्बन्धी अन्य विस्तृत जानकारी गराइएको थियो। २५ जना प्रशिक्षार्थीको परिचयबाट कार्यक्रमको सुरुवात भएको थियो। उक्त सत्रमा प्रशिक्षार्थीहरुबाट तालिमको अपेक्षा संकलन गरेका थियौं। तालिमका प्रशिक्षार्थीलाई ५ वटा समूहमा विभाजन गरी उक्त समूहलाई प्रत्येक दिनको प्रतिवेदन तयार गरी प्रस्तुतीकरण गर्ने जिम्मेवारी तोकिएको थियो।

## प्रमुख हिउँदे फलफूल बालीका उन्नत जातहरु, जातहरुको प्रकृति र विशेषता



यस सत्रमा विभिन्न हिउँदे फलफूल बाली जस अन्तर्गत हलुवावेद, किवि, आरु, आरुबखडा, नासपाती, ओखर, स्याउ आदीको उन्नत जातहरुमा तथा जातहरुको प्रकृति र विशेषता बारेमा जानकारी गराइएको थियो । बारेमा जानकारी गराइएको थियो ।

## प्रमुख हिउँदे फलफूलमा माउबोट छनौट तथा रुटस्टक व्यवस्थापन

यस सत्रमा हिउँदे फलफूल बालीको नर्सरी स्थापनाका लागी माउबोट छनौट र प्रमुख हिउँदे फलफूल बालीका रुटस्टकका बारेमा जानकारी गराइएको थियो। यसका साथै माउबोट छनौट गर्दा अपनाउनु पर्ने आधारहरुका बारेमा पनि जानकारी गराइएको थियो।



## प्रमुख हिउँदे फलफूल बिरुवा प्रसारणका तरिका र विधिहरु



यस सत्रमा बिरुवा प्रसारणका तरिकाहरुमा लैंगिक विरुवा प्रसारण र अलैंगिक बिरुवा प्रसारणका सबल र दुर्बल पक्षबारे जानकारी गराइएको थियो। साथै हिउँदे फलफूलको कलमी गर्दा आवश्यक पर्ने सामाग्रीहरु र नेपालमा प्रचलित कलमी गर्ने तरिकाहरु मध्ये सबैखाले हिउँदे फलफूलमा प्रयोग हुने टी वा शील्ड बडिङ र टङ्ग ग्राफिटिङ गर्ने विधिबारे जानकारी प्रदान गरिएको थियो।

## प्रमुख हिउँदे फलफूल बालीको बगैंचा स्थापन



यस सत्रमा फलफूलको बगैंचा स्थापना, रेखाङ्कन, खाडलको तयारी तथा बिरुवा रोपणका बारेमा विस्तृत जानकारी प्रदान गरिएको थियो। यसका साथै बगैंचास्थल छनौट पछिको तयारी, बगैंचा स्थापनाको कार्य योजना, बिरुवाको रोपण प्रणाली, खाडलको तयारी तथा बिरुवा रोपणका बारेमा समेत जानकारी गराइएको थियो।

## फलफूल बगैंचा तथा नर्सरी व्यवस्थापन

यस सत्रमा प्रमुख हिउँदे फलफूल बालीमा मलखादको आवश्यकता र प्रयोग गर्ने मात्रा, बगैंचा स्थापना गर्दा माटो जाँचका लागी नमुना लिने तरिकाको बारेमा जानकारी गराइएको थियो ।



## प्रमुख हिउँदे फलफूल बालीका प्रमुख रोग, किराहरु तथा तिनको व्यवस्थापन



यस सत्रमा हिउँदे फलफूलमा देखापर्ने प्रमुख रोग तथा किराहरु, तिनको वर्गीकरण, रोग लाग्ने कारणहरु, रोगका प्रकारहरु, रोग तथा किराको क्षेती गर्ने प्रकृति तथा तिनको व्यवस्थापनका तरिकाहरुको बारेमा जानकारी गराइएको थियो।

## हिउँदे फलफूल बालीका मुख्य रोग किरा नियन्त्रण गर्न बजारमा उपलब्ध विषादी

यस सत्रमा विषादीको परिचय, हाल नेपालमा आधिकारिक रुपमा दर्ता भई विक्रि भईरहेका विषादीहरु, प्रतिबन्धित विषादीहरु, फलफूल खेतीमा देखा पर्ने प्रमुख बाली संरक्षण सम्बन्धी समस्याहरु र ती समस्याहरु समाधानका लागी हाल बजारमा उपलब्ध विभिन्न प्रकारका विषादीहरु तथा विषादीको सुरक्षित र सन्तुलित प्रयोग, विषादि प्रयोगमा देखिएका समस्याका सम्बन्धमा जानकारी प्रदान गरिएको थियो ।



## प्रमुख हिउँदे फलफूल बगैंचामा तालिम तथा कांटछांट



यस सत्रमा सहभागीहरुलाई फलफूल बालीमा तालिम तथा काँटछाँटको महत्त्व, काँटछाँट गर्न विधि तथा काँटछाँट गर्दा अपनाउनु पर्ने सजकताको बारेमा फिल्डमा व्यवहारिक रुपमा सिकाइएको थियो।

## बोर्डो मिश्रण, बोर्डो पेष्ट, बोर्डो पेन्टको बनाउने र प्रयोग गर्ने विधि

यस सत्रमा बोर्डो मिश्रण, बोर्डो पेष्ट, बोर्डो पेन्ट बनाउने तथा प्रयोग गर्ने तरिकाका बारेमा जानकारी गराइएको थियो। साथै फलफूल बालीमा यसको प्रयोग समेत गरी देखाइएको थियो।



## प्रमुख हिउँदे फलफूल बगैंचा तथा नर्सरीमा अन्तरबाली तथा झार व्यवस्थापन



यस सत्रमा सहभागीहरुलाई हिउँदे फलफूल बगैंचामा अन्तरबाली लगाउने तरिका एंव महत्त्व, झारपात नियन्त्रणका तरिकाहरु, बगैंचामा गोडमेलको आवश्यकता, बिरुवालाई छापो दिनुका फाईदाहरु, हिउँदे फलफूल खेतीको वार्षिक कार्य तालिका, हिउँदे फलफूल नर्सरीमा गर्नुपर्ने वार्षिक कार्यहरुको बारेका जानकारी प्रदान गरिएको थियो।

## घरायसी फोहोर व्यवस्थापन

यस सत्रमा प्राङ्गारीक खेतीको परिचय, प्राङ्गारीक खेतीमा जैविक मलको आवश्यकता र महत्त्वको बारेमा प्रकाश पारिएको थियो । यसैगरी घरेलु फोहोर, घरेलु फोहोर घटाउने उपायहरु, घरेलु फोहरलाई मलको रुपमा प्रयोग गर्ने विधिका बारेमा जानकारी गराइएको थियो ।



## अगुवा कृषकको अनुभव



यस सत्रमा छैमले एग्रो नर्सरीका राधाकृष्ण चापागाँईले आफ्नो व्यवसायी शुरु गर्दा देखि हाल एउटा सफल कृषक हुन आइपुग्दा सम्म भोगेका आफ्ना अनुभव, समस्या, चुनौतीहरु, अवसरहरु तथा आफ्नो सफलताको कथा सहभागीहरुसँग बाढेका थिए।

## अवलोकन भ्रमण नानी बावु थापा फार्म

यस सत्रमा अव्यवस्थित रुपमा सञ्चालन गरिएको फलफूल बगैंचाको अवलोकन गराइएको थियो। अवलोकनका क्रममा सहभागीहरुलाई फलफूल बालीमा काँटछाँट गर्न लगाइएको थियो। उक्त फार्म भ्रमणबाट फलफूल बगैंचा व्यवस्थित नगर्दा बालीमा पर्ने असरहरुका बारेमा समेत जानकारी गराइएको थियो।



## अवलोकन भ्रमण पद्मा खड्का अर्गानिक फार्म



यस सत्रमा अवलोकन भ्रमणका लागी व्यवस्थित रुपमा सञ्चालन गरिएको फलफूल तथा अर्गानिक कृषि फार्ममा लगिएको थियो। उक्त फार्ममा फलफूल बालीमा अन्तरबाली व्यवस्थापनको बारेमा जानकारी गराउनुका साथै, सहि तरिकाले काँटछाँट गरेको फलफूल बगैंचाको अवलोकन गराइएको थियो र बगैंचाको सहि व्यवस्थापन गर्ने तरिका र यसका फाइदाहरुको बारेमा जानकारी गराइएको थियो ।यसरी व्यवस्थित र अव्यवस्थित दुवै किसिमको फार्मको अवलोकनबाट कृषकहरुले तुलनात्मक भिन्नता अध्ययन गरेका थिए।

## फलफूल बगैंचा र नर्सरीमा प्रयोग हुने यन्त्र, औजार, उपकरणहरुको प्रयोग र मर्मत सम्भार विधि

यस सत्रमा फलफूल नर्सरी तथा बगैंचामा प्रयोग हुने यन्त्र, औजार तथा उपकरणहरुको प्रयोग गर्ने तरिका, उपकरणको प्रयोगका फाईदा, बेफाईदा, र कृषि औजारहरुको मर्मत सम्भार का बारेमा जानकारी गराइएको थियो। सहभागीहरुलाई फलफूल बगैंचामा प्रयोग हुने मुख्य मुख्य औजारहरु देखाइ तीनको प्रयोग विधिबारे जानकारी गराइएको थियो।



## फलफूल बिरुवाको बजार व्यवस्थापन



यस सत्रमा फलफूल विरुवा तथा उत्पादनको बजारीकरण, मुल्य निर्धारणका सिद्धान्त, बजारीकरण श्रृखंला तथा बजार संजाल पात्रहरुका बारेमा जानकारी गराइएको थियो। जस अन्तर्गत उपभोक्ताको चाहना बमोजिम सही समयमा उत्पादनको आपूर्ति गरी बढी मुनाफा लिन सकिने, उत्पादनको मुल्य निर्धारण सामान्यतया माग र आपूर्तिले निर्धारण गर्ने कुराको जानकारी गराइएको थियो।

## सामुहिक छलफल तथा प्रस्तुतीकरण



यस सत्रमा सहभागीहरुलाई पूर्व विभाजित ५ वटा समूह अनुसार प्रत्येक दिनको प्रतिवेदन तयार गरी प्रस्तुतीकरण गर्न लगाइएको थियो। प्रत्येक समूहको १ जना अगुवाले उक्त प्रतिवेदन प्रस्तुतीकरण गरेका थिए।


## तालिमको समापन कार्यक्रम

तालिमको समापन यस केन्द्रका प्रमुख श्री विमल थापा क्षेत्रीज्यूको अध्यक्षतामा भएको थियो। उक्त समापनमा कार्यक्रम संयोजकबाट समग्र तालिमको प्रतिवेदन पेश भएको थियो भने सहभागीहरुको तर्फबाट २ जनाले तालिम बारे प्रतिकृया दिनुभएको थियो। कार्यक्रमका अध्यक्षज्यूले सहभागीहरुले आफूले सिकेका प्रविधिहरु आफ्नो व्यवसायमा लागु गरी अन्य कृषकहरुलाई पनि जानकारी गराएमा तालिम कार्यक्रम अझ बढी प्रभावकारी हुने विचार व्यक्त गर्नुभएको थियो।



# तालिम सञ्चालनबाट हासिल उपलब्धीहरु

तालिमका सहभागीहरुले तालिम अवधिमा हासिल गरेका ज्ञानको स्तर मापन गर्न तालिम पूर्व र पश्चात् तालिमको विषयसंग सम्बन्धित प्रश्नावली तयार गरी छोटो परीक्षा सञ्चालन गरिएको थियो। सहभागीहरुबाट प्राप्त उत्तर पुस्तिकालाई विश्लेषण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको थियो।





चित्र नं. १ तालिमका सहभागीहरुको तालिम पूर्व र पश्चातको मुल्यांकन


तालिम पूर्व क्रमश: ८ प्रतिशत सहभागीले ३, ४, र ९ अंक त्यस्तै १२ प्रतिशत सहभागीले ५ अंक, ४ प्रतिशत सहभागीले ६ र १० अंक, २४ प्रतिशत सहभागीले ७ अंक र ३२ प्रतिशत सहभागीले ८ अंक ल्याएका थिए। तालिम पश्चात भने क्रमश: ४ प्रतिशत सहभागीले १, ६ र १० अंक ८ प्रतिशत सहभागीले २ र ९ अंक, १२ प्रतिशत सहभागीले ३, ७ र ८ अंक, १६ प्रतिशत सहभागीले ४ अंक र २० प्रतिशत सहभागीले ५ अंक ल्याउन सफल भएका थिए। समग्रमा सबै सहभागीहरुको तालिम पूर्वको औसत अंक ६ थियो भने तालिम पश्चात सो बढेर ८ पुगेको थियो । यस तथ्यांकलाई आधार मान्दा सहभागीको समग्र सिकाई प्रभावकारी भएको पाइएको छ ।

# सहभागीहरुको नजरमा तालिमको समग्र मूल्यांकन


तालिम कार्यक्रमको अन्त्यमा सहभागीहरुबाट तालिमको समग्र मुल्यांकन गर्न केन्द्रबाट तयार गरीएको तालिम मुल्यांकन सम्बन्धी प्रश्नावलीमा सहभागीहरुबाट पृष्ठपोषण लिइएको थियो । यस अन्तर्गत सहभागीहरुलाई तालिम व्यवस्थापन तथा प्रभावकरिता सम्बन्धी विभिन्न विषयहरुमा उनीहरुको इच्छा अनुसारको ग्रेडीङ्ग गर्न लगाइएको थियो । सहभागीहरुबाट प्राप्त पृष्ठपोषणलाई विश्लेषण गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको छ ।





चित्र २. तालिमबाट प्राप्त विषयवस्तुबारे जानकारी सहभागीलाई अति उत्तम लागेको छ।





चित्र ३. सहभागीलाई आवास व्यवस्थापन उत्तम लागेको छ।





चित्र ४. तालिमको विषयवस्तु र प्रस्तुती बिचको तादम्यता सहभागीलाई उत्तम लागेको छ।





चित्र ५. सहभागीलाई खाना र खाजाको व्यवस्थापन उत्तम लागेको छ।




चित्र ६. तालिम गर्ने स्थान र विषयवस्तु बीचको तादम्यता मिलेको सहभागीले बताएका छन्।




चित्र ७. अन्य सहभागीसंग अन्तरक्रियाको अवसर प्राप्त भएको सहभागीले जनाएका छन्।




चित्र ८. तालिमको समग्र व्यवस्थापन उत्तम रहेको सहभागीले बताएका छन्।

## तालिम पाठ्यक्रमको संयोजन सम्बन्धमा सहभागीहरुको मुल्यांकन

- सहभागीको आवश्यकतालाई मध्यनजर राखेर तयार गरिएको पाइयो।
- हिउँदे फलफूल बगैंचा तथा नर्सरी स्थापना गर्न चाहिने विषयहरु सबै समेटिएको थियो ।
- कार्य दक्षतामा सुधार गर्ने खालको थियो ।
- आफूले गरीरहेको भन्दा फरक खालको प्रविधिहरु समेटिएको थियो जसले गर्दा काममा प्रभावकारीता वृद्धि गर्न सघाउ पुग्ने ठहर छ ।
- व्यवहारिक विषयहरु धेरै समेटिएकाले उपयोगी थियो ।

## तालिममा सहभागीता पश्चात दैनिक क्रियाकलापहरुमा प्रत्यक्ष फाइदा पुर्याउने विषयहरु

- विरुवा प्रसारणका लागि माउबोट तथा रुटस्टक छनौट
- कटिङ्ग, ग्राफ्टिङ्ग गर्ने तरिका
- नर्सरी स्थापना तथा व्यवस्थापन
- विषादीहरुको सन्तुलित र सुरक्षित प्रयोग विधि
- नर्सरीमा सिंचाई तथा मलखाद व्यवस्थापन
- माटो जाँचका लागी नमुना लिने तरिका
- फलफूल बगैंचामा तालिम तथा कांटछांट गर्ने तरिका
- बोर्डो पेस्ट, बोर्डो मिश्रण र बोर्डो पेन्ट बनाउने र प्रयोग गर्ने तरिका

## आगामी दिनमा तालिम सञ्चालनमा सुधार गर्न सहभागीहरुको तर्फबाट प्राप्त भएको सुझाव

- महिला र युवा कृषकको सहभागीता बढाउनु पर्ने
- प्रयोगात्मक कक्षाहरुलाई अझै प्राथमिकता दिनुपर्ने
- समयको व्यवस्थापनमा ध्यान दिनु पर्ने
- तालिमको अवधि बढाउनु पर्ने
- सरकारी फार्म केन्द्रहरुमा नमुना बगैंचा स्थापना गरी प्रयोगात्मक कक्षा सञ्चालन गर्नुपर्ने
- व्यवहारिक कक्षाका लागी पर्याप्त सामग्रीको व्यवस्था हुनुपर्ने
- पुर्नताजगी तालिम सञ्चालन गरिनुपर्ने

# तालिम सञ्चालनका झलकहरु



फलफूल बगैँचामा माटो तथा मलखाद व्यवस्थापनबारे सैद्धान्तिक कक्षा सञ्चालन गरिदै



बगैँचा स्थापना गर्दाका विविध पक्षबारे श्रव्यदृष्य प्रर्दशनी



फलफूल बालीमा माउबोट छनौट सम्बन्धी कक्षा सञ्चालन गरिँदै



सहभागीहरु बोर्डो मिश्रण बनाउँदै



प्रशिक्षकद्वारा बोर्डो पेन्ट लगाउन सिकाइदै



अगुवा कृषकको फार्म अवलोकन गराइदै